समृद्ध समाजको सामाजिक आधार
युवाको बल र विचार
कम्पनी दर्ता नं.
२११८१३/०७५/०७६

राष्ट्, राष्ट्रियता र
लोकतन्त्रप्रति प्रतिबद्ध

जि.प्र.का. द.नं.
१६६/०६४/०६५
मोरङ

# राष्ट्रिय युवा जागरण

साप्ताहिक

Rastriya Yuva Jagaran Weekly

अनलाईन संस्करण: fastmedianepal.com

वर्ष- १९, अंक-३, २०८३ साउन २० गते बुधबार (2026, Aug. 5 Wednesday) नेपाल सम्वत ११४६ पृष्ठ संख्या - ६ मूल्य रु. १०।-

## जनहितमा जारी

भुकम्प प्रतिरोधक घर बनाऔं । २०७२ बैशाखको जस्तो भुकम्प जुनसुकै बेला जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरेर बनाऔं । नगरपालिकाबाट नक्सा पास गराऔं । इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय समाग्री मात्र प्रयोग गरौं ।

**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय,
दमक, झापा

## हवाई यात्रुका अधिकार बलियो बनाउँदै सरकार

◆ एयरलाइन्सलाई कडा कानुन ◆ सुरक्षित, व्यवस्थित र जिम्मेवार बनाउन नयाँ कानुन



◆ **रायुजा संवाददाता**

इटहरी । नेपालको हवाई क्षेत्र लामो समयदेखि विभिन्न चुनौतीको सामना गर्दै आएको छ । दुर्गम भौगोलिक बनावट, प्रतिकूल मौसम, प्राविधिक चुनौतीसँगै एयरलाइन्स कम्पनीहरूको लापरवाही, उडान ढिलाइ, यात्रुलाई समयमै सूचना नदिने प्रवृत्ति तथा दुर्घटनापछि क्षतिपूर्तिसम्बन्धी अस्पष्ट व्यवस्थाले यात्रुहरू वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । नेपाली आकाशमा भएका ठूला हवाई दुर्घटनाले पनि सुरक्षित र जिम्मेवार हवाई सेवाको आवश्यकता झन् स्पष्ट बनाएको छ । यस्तै समस्या समाधान गर्दै यात्रुको अधिकार सुनिश्चित गर्न सरकारले नयाँ कानुन ल्याउने तयारी गरेको छ ।

नेपालमा बेलाबेला भएका हवाई दुर्घटनाले सयौं नागरिक तथा विदेशी पर्यटकले ज्यान गुमाएका छन् । पोखरामा भएको यती एयरलाइन्सको दुर्घटना, तारा एयरको विमान दुर्घटना, सौर्य एयरलाइन्सको दुर्घटनालगायतका घटनाले नेपालको हवाई सुरक्षामाथि पटक(पटक प्रश्न उठाएका छन् । दुर्घटनापछि छानबिन समिति बन्ने, प्रतिवेदन सार्वजनिक हुने र सुधारका प्रतिबद्धता आउने गरे पनि धेरै सुझाव प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको आलोचना हुँदै आएको छ ।

दुर्घटना मात्रै होइन, नियमित उडानमा हुने ढिलाइ, अन्तिम समयमा उडान रद्द गर्ने, यात्रुलाई पर्याप्त जानकारी नदिने, खाना(पानीको व्यवस्था नगर्ने, सामान हराउने वा क्षति पुग्दा जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले पनि यात्रुहरू हैरान छन् । विशेषगरी खराब व्यवस्थापनका **जाऔं अन्तिम पृष्ठ**

## कोशी मुख्यमन्त्री कार्कीविरुद्ध मोर्चाबन्दी

# निर्णायक भूमिकामा ओली

◆ **बाबुराम क्षेत्री**



विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री तथा नेकपा (एमाले) संसदीय दलका नेता हिक्मतकुमार कार्कीविरुद्ध सुरु भएको हस्ताक्षर अभियानले प्रदेश राजनीतिलाई नयाँ मोडमा पुऱ्याएको छ । सतहमा हेर्दा यो मुख्यमन्त्री परिवर्तनको प्रयास जस्तो देखिए पनि यसको केन्द्रमा एमालेभित्रको शक्ति सन्तुलन, केन्द्र(प्रदेश सम्बन्ध र नयाँ सत्ता समीकरणको व्यवस्थापन जोडिएको छ ।

मुख्यमन्त्री कार्कीविरुद्ध असन्तुष्ट पक्षले ३१ जना सांसदको हस्ताक्षर जुटाएको दाबी गरिरहेको छ । केही मन्त्रीसमेत अभियानमा सहभागी भएको भनाइले असन्तुष्टि केवल बाहिरी दबाब नभई सरकारभित्रै फैलिएको संकेत दिएको छ । तर यो अभियानको सफलता केवल हस्ताक्षरको संख्याले निर्धारण गर्दैन । एमाले संसदीय दलको विधानअनुसार दलको नेता हटाउन दुई तिहाइ बहुमत आवश्यक पर्ने भएकाले कानुनी रूपमा कार्की तत्काल जोखिममा देखिँदैनन् ।

यही कारण अहिलेको संघर्ष कानुनीभन्दा बढी राजनीतिक र नैतिक दबाबको खेल बनेको छ । असन्तुष्ट पक्षले बहुमत सांसद आफ्नो पक्षमा रहेको सन्देश केन्द्रसम्म पुऱ्याउन खोजिरहेको छ भने कार्की पक्षले विधान र संस्थागत प्रक्रियाको आडमा आफ्नो स्थिति बलियो रहेको तर्क गरिरहेको छ ।

यो विवादको अर्को महत्वपूर्ण पक्ष केन्द्रको भूमिकासँग जोडिएको छ । एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशन कार्यान्वयन नभएको आरोप असन्तुष्ट समूहले लगाइरहेको छ । प्रदेश इन्चार्ज शेरधन राईले समेत मुख्यमन्त्री परिवर्तन केन्द्रको नीति भएको संकेत दिएपछि विवाद अझ खुला रूपमा बाहिर आएको छ । यसले प्रदेश सरकारको नेतृत्वबारे अन्तिम निर्णय प्रदेशभन्दा बढी काठमाडौंको राजनीतिक समीकरणले निर्धारण गर्ने अवस्था देखाएको छ ।

तर कार्कीको बलियो पक्ष भने उनको संवैधानिक हैसियत हो । उनी संविधानको धारा १६८(५) अन्तर्गत नियुक्त मुख्यमन्त्री हुन् । यस्तो अवस्थामा संसदीय दलको नेता परिवर्तन भए पनि स्वतः मुख्यमन्त्री पद गुम्दैन । उनलाई हटाउन प्रदेशसभामा छुट्टै संवैधानिक प्रक्रिया पूरा गर्नुपर्छ । त्यसैले दलभित्र नेतृत्व परिवर्तन भए पनि सरकार परिवर्तन तत्काल सम्भव नहुन सक्छ ।

एमालेभित्रको यो विवादले सत्ता गठबन्धनलाई पनि असर गरिरहेको छ । केन्द्रमा एमाले र माओवादी केन्द्रबीच सत्ता साझेदारीको सहमति भए पनि कोशीमा सरकार पुनर्गठन प्रक्रिया रोकिएको देखिन्छ । माओवादी केन्द्रले समेत एमालेले पहिले आफ्नो आन्तरिक विवाद समाधान गर्नुपर्ने संकेत दिएको छ । यसले प्रदेश सरकारको स्थायित्वभन्दा बढी दलगत व्यवस्थापन अहिले प्रमुख चुनौती बनेको देखाउँछ ।

समग्रमा हेर्दा कोशी प्रदेशको राजनीति अहिले कानुनी प्रावधान र राजनीतिक दबाबबीचको संघर्षमा पुगेको छ । कार्कीलाई विधान र संविधानले तत्काल सुरक्षा दिएको भए पनि बहुमत सांसद असन्तुष्ट रहेको सन्देश स्थापित भए उनको राजनीतिक हैसियत कमजोर बन्न सक्छ । आगामी दिनमा केपी शर्मा ओलीसँग हुने छलफल र एमाले नेतृत्वको निर्णयले मात्र यो विवादको अन्तिम दिशा तय गर्ने देखिन्छ । अहिलेको अवस्था भने कार्कीको पदभन्दा पनि एमालेभित्रको नेतृत्व व्यवस्थापन र शक्ति सन्तुलनको परीक्षणका रूपमा देखिएको छ ।

# बर्खायामसँगै ७२ जिल्लामा डेंगु २ हजारभन्दा बढी संक्रमित

काठमाडौं । बर्खायामको मध्यभागमा पुगेसँगै देशभर डेंगु संक्रमण तीव्र रूपमा फैलिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा ( ईडीसीडी) का अनुसार हालसम्म देशका ७२ जिल्लामा डेंगु संक्रमण पुष्टि भएको छ भने २ हजार २५ जना संक्रमित भएका छन्। संक्रमणका कारण दुई जनाको मृत्यु भइसकेको महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार सन् २०२६ को जनवर देखि हालसम्म पुष्टि भएका अधिकांश संक्रमित पछिल्लो एक महिनामा थपिएका हुन्। प्रदेशगत रूपमा कोशी प्रदेशमा सबैभन्दा धेरै ५६८ र गण्डकी प्रदेशमा ५३२ संक्रमित भेटिएका छन्। त्यस्तै बागमतीमा ३६५, लुम्बिनीमा ३४३, सुदूर पश्चिममा १०३, मधेशमा ७२ र कर्णालीमा ४२ जना संक्रमित रहेका छन्।

जिल्लागत रूपमा झापा २०४ संक्रमितसहित पहिलो र बागलुङ १८० संक्रमितसहित दोस्रो स्थानमा छन्। त्यसपछि सुनसरीमा १६१, पाल्पामा ११६, कास्कीमा ११०, काठमाडौंमा ९७, रूपन्देहीमा ६७, ओखलढुंगामा ६४, गोरखामा ६४ र तनहुँमा ६२ जना संक्रमित रहेका छन्।

ईडीसीडीअन्तर्गत किटजन्य रोग विशेषज्ञ डा. गोकर्ण दाहाल ले गत वर्षको तुलनामा यस वर्ष संक्रमण करिब ५० प्रतिशतले कम भए पनि जोखिम भने कायम रहेको बताए। उनका अनुसार डेंगुको संक्रमण असारको अन्तिमदेखि भदौसम्म बढी फैलिने भएकाले सर्वसाधारणले विशेष सतर्कता अपनाउन आवश्यक छ।

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका प्रमुख जनरल कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसे ले पनि संक्रमण घट्दो क्रममा देखिए पनि जोखिम कम नभएको बताए।

महाशाखाले असारको अन्तिमदेखि कात्तिकसम्मलाई उच्च जोखिमको अवधि मानेर विशेष निगरानी तथा जनचेतना अभियान सञ्चालन गरिर हेको जनाएको छ। डेंगु धेरै देखिएका जिल्ला र स्थानीय तहमा नियमित विश्लेषण, प्राविधिक सुझाव तथा नियन्त्रणका कार्यक्रम अघि बढाइएको छ।

महाशाखाका अनुसार डेंगु नियन्त्रणका लागि एडिस एजिप्टी जातको लामखुट्टेको बासस्थान र प्रजननस्थल नष्ट गर्नु, घर वरिपरि पानी जम्न नदिनु तथा समुदायस्तरमा सरसफाइ र जनचेतना अभिवृद्धि गर्नु नै सबैभन्दा प्रभावकारी उपाय हो।

## विराटनगरलाईन इटहरीको पाथीभरा होटल नै किन ?

- ◆ सुविधा सम्पन्न लजको व्यवस्था
- ◆ वेवसाइटको व्यवस्था
- ◆ फ्रि इन्टरनेट (वाईफाई)को व्यवस्था
- ◆ ड्रिङ्सको लागि छुट्टै बारको व्यवस्था
- ◆ भेजिटेवल रेष्टुरेन्ट
- ◆ मिटिङ हलको व्यवस्था
- ◆ कन्फ्रेन्स हलको व्यवस्था
- ◆ गुणस्तरीय द्रुत सेवा
- ◆ नेपाल सरकारका विभिन्न निकायबाट आधिकारिकता प्राप्त गरेको ।
- ◆ पार्किङको व्यवस्था

इटहरी, विराटनगर लाइन, भोजपुरे टोल, विष्ट कम्प्लेक्स, सम्पर्क : ०२५-५८८२३६



# एम्बुलेन्स रोक्ने नीति : गुणस्तर सुधार कि स्वास्थ्य सेवामाथिको अर्को बोझ?

इटहरी । सरकारले एम्बुलेन्स सेवालाई मापदण्डभित्र ल्याउने उद्देश्यले १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ । नयाँ निर्देशिकाअनुसार स्वास्थ्य संस्थाले सञ्चालन गरेका र आवश्यक उपकरण तथा स्वास्थ्यकर्मीसहितका एम्बुलेन्सले मात्रै सञ्चालन अनुमति र नवीकरण पाउनेछन् । नीति हेर्दा यसको उद्देश्य स्पष्ट छ– बिरामीलाई सुरक्षित, गुणस्तरीय र व्यवस्थित एम्बुलेन्स सेवा उपलब्ध गराउने । तर यही निर्णयले अहिले अर्को प्रश्न जन्माएको छ- गुणस्तर सुधार्ने नाममा सरकारले सेवा नै खुम्च्याइरहेको त होइन?

देशभर करिब दुई हजार एम्बुलेन्स सञ्चालनबाट बाहिरिएको संयुक्त एम्बुलेन्स चालक संघको दाबी छ । तीमध्ये अधिकांश रेडक्रस, रोटरी, लायन्स, विभिन्न सामाजिक संस्था तथा गैरसरकारी संघसंस्थाले सञ्चालन गरेका एम्बुलेन्स हुन् । ती एम्बुलेन्स केवल सवारी साधन थिएनन्, ग्रामीण क्षेत्रका बिरामीका लागि अस्पताल पुग्ने भरपर्दो माध्यम थिए । आज ती कार्यालय परिसरमा थन्किएका छन् भने तिनमा आश्रित हजारौं चालक तथा कर्मचारी रोजगारीविहीन बनेका छन् ।

सरकारको तर्क पनि अस्वाभाविक छैन । एम्बुलेन्सभित्र जीवनरक्षक उपकरण, अक्सिजन, प्राथमिक उपचार सामग्री र प्रशिक्षित स्वास्थ्यकर्मी अनिवार्य हुनुपर्छ । बिरामी बोकेको गाडी केवल 'एम्बुलेन्स' लेखिएको चारपाङ्ग्रे सवारी मात्र हुन सक्दैन । विगतमा मापदण्डबिना सञ्चालन भएका केही एम्बुलेन्सबाट विकृति पनि देखिएका थिए । त्यसैले सेवा व्यवस्थित बनाउने सरकारको प्रयासलाई अस्वीकार गर्न सकिँदैन ।



फाइल तस्बिर

तर नीति बनाउँदा त्यसको कार्यान्वयन पक्ष पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यदि सरकारले १० वर्ष पुराना एम्बुलेन्स तत्काल हटाउने निर्णय गर्छ भने त्यसको विकल्प पनि सँगसँगै दिनुपर्छ । नयाँ एम्बुलेन्स दर्ता गर्ने प्रक्रिया सहज छ कि छैन? सामाजिक संस्थाले नयाँ एम्बुलेन्स सञ्चालन गर्न पाएका छन् कि छैनन्? ग्रामीण क्षेत्रमा सेवा कसरी निरन्तर रहनेछ? यी प्रश्नको स्पष्ट उत्तर अहिलेसम्म देखिएको छैन ।

यही कमजोरीका कारण अहिले धेरै जिल्लामा एम्बुलेन्स सेवा प्रभावित हुन थालेको छ । चालकहरूले रोजगारी गुमाएका छन् भने बिरामीले आकस्मिक अवस्थामा समयमै सेवा नपाउने जोखिम बढेको छ । सेवा सुधार गर्ने नीति अन्ततः सेवामै अवरोध बन्न पुग्यो भने त्यसको उद्देश्य नै कमजोर हुन्छ ।

झापामा पनि यो विषय उत्तिकै सान्दर्भिक छ । जिल्लामा सरकारी, निजी, रेडक्रस, स्थानीय तह तथा सामाजिक संस्थामार्फत ठूलो संख्यामा एम्बुलेन्स सञ्चालनमा छन् । यदि तीमध्ये उल्लेख्य संख्या १० वर्ष नाघेका कारण थन्किएका छन् भने त्यसको असर सबैभन्दा बढी ग्रामीण पालिकाका बिरामीले भोग्नुपर्नेछ । झापाजस्तो ठूलो जिल्लामा एउटा एम्बुलेन्स कम हुनु भनेको कुनै गाउँबाट अस्पताल पुग्न लाग्ने समय बढ्नु हो, र कतिपय अवस्थामा त्यो समय नै जीवन र मृत्युबीचको दूरी बन्न सक्छ ।

सरकारले मापदण्ड कार्यान्वयन गर्नुपर्छ, तर मापदण्ड लागू गर्ने नाममा सेवाको पहुँच घटाउनु हुँदैन । बरु पुराना एम्बुलेन्सलाई चरणबद्ध रूपमा विस्थापन गर्ने, नयाँ एम्बुलेन्स खरिदका लागि सहुलियत दिने, सामाजिक संस्थालाई पनि कडा मापदण्डभित्र सञ्चालन गर्न दिने र प्रभावकारी अनुगमन गर्ने नीति अझ व्यवहारिक हुन सक्छ । खराब सेवा बन्द गर्नुपर्छ, तर राम्रो सेवा पनि बन्द हुनु हुँदैन ।

एम्बुलेन्स स्वास्थ्य सेवाको पहिलो ढोका हो । त्यो ढोका बन्द गरेर गुणस्तर सुधारको दाबी गर्नु व्यवहारिक देखिँदैन । राज्यको दायित्व केवल मापदण्ड बनाउनु मात्र होइन, नागरिकले समयमै सेवा पाउने वातावरण सुनिश्चित गर्नु पनि हो । त्यसैले सरकारले आफ्नो निर्णयको प्रभाव पुनः मूल्याङ्कन गर्दै सेवा, सुरक्षा र पहुँचबीच सन्तुलन कायम गर्ने उपाय खोज्नु अहिलेको आवश्यकता बनेको छ ।

---

**हवाई....**कारण घण्टौं विमानस्थलमा बस्न बाध्य हुने यात्रुले कुनै राहत नपाउने अवस्था अहिले पनि विद्यमान छ ।

यिनै समस्यालाई सम्बोधन गर्न सरकारले संसदमा 'आन्तरिक वायु सेवाको दायित्वका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' दर्ता गरेको छ । विधेयक पारित भए नेपालमा पहिलोपटक आन्तरिक हवाई यात्रामा पनि एयरलाइन्स कम्पनीहरूको दायित्व स्पष्ट हुने र यात्रुले कानुनी रूपमा क्षतिपूर्ति दाबी गर्न सक्ने व्यवस्था लागू हुनेछ ।

प्रस्तावित कानुनअनुसार एयरलाइन्स कम्पनीको लापरवाहीका कारण उडान ढिलो भए, रद्द भए वा यात्रुलाई अन्य कुनै क्षति पुगेमा सम्बन्धित कम्पनीले क्षतिपूर्ति दिनुपर्नेछ । यसअघि यस्तो स्पष्ट व्यवस्था नहुँदा यात्रुहरूले धेरै सास्ती खेप्दै आएका थिए । अब कम्पनीको कमजोरीका कारण यात्रु प्रभावित भए कानुनी रूपमा राहत पाउने बाटो खुल्नेछ ।

विधेयकले उडान रद्द, स्थगित वा ढिलाइ हुने अवस्था आएमा कम्तीमा तीन घण्टा अगावै यात्रुलाई जानकारी गराउनुपर्ने व्यवस्था गरेको छ । यसले एयरलाइन्सलाई यात्रुप्रति थप जिम्मेवार बनाउने अपेक्षा गरिएको छ । यद्यपि खराब मौसम, प्राकृतिक वा दैवी प्रकोप, एयर ट्राफिक व्यवस्थापन वा सुरक्षा निकायको निर्देशनका कारण उडान प्रभावित भएको अवस्थामा भने कम्पनीलाई क्षतिपूर्ति दिनुपर्ने दायित्व रहने छैन ।

नयाँ कानुनले यात्रुको सामानको सुरक्षालाई पनि प्राथमिकता दिएको छ । ब्यागेज हराए, नष्ट भए वा क्षति पुगेमा प्रतिकिलोग्राम २० अमेरिकी डलरका दरले अधिकतम ५०० अमेरिकी डलरसम्म क्षतिपूर्ति दिनुपर्ने प्रस्ताव गरिएको छ । यात्रुले आफूसँग बोकेको ह्यान्ड क्यारी सामान कम्पनीको लापरवाहीका कारण बिग्रिए वा हराए त्यसको जिम्मेवारी पनि एयरलाइन्स कम्पनीले नै लिनुपर्नेछ ।

कार्गो सेवामा पनि नयाँ व्यवस्था प्रस्ताव गरिएको छ । मूल्य घोषणा गरिएको कार्गो हराए वा क्षति पुगेमा सोही मूल्य बराबर क्षतिपूर्ति दिनुपर्नेछ भने मूल्य घोषणा नगरिएको अवस्थामा प्रतिकिलोग्राम १० अमेरिकी डलरका दरले रकम उपलब्ध गराउनुपर्नेछ । निर्धारित समयमा कार्गो नपुगे वा तीन दिनभन्दा बढी ढिलो भए पनि क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ । १५ दिनसम्म पनि कार्गो प्राप्त नभए त्यसलाई हराएको मानिनेछ ।

विधेयकले एयरलाइन्स कम्पनीहरूलाई बीमा र क्षतिपूर्ति व्यवस्थामा पनि कडाइ गरेको छ । यात्रुलाई दिनुपर्ने क्षतिपूर्ति नदिए वा अनिवार्य बीमा नगरेमा कम्पनीलाई १० लाखदेखि २५ लाख रुपैयाँसम्म जरिवाना गर्न सकिने प्रस्ताव गरिएको छ ।

हवाई दुर्घटनामा मृत्यु हुने यात्रुको क्षतिपूर्ति रकममा पनि उल्लेखनीय वृद्धि प्रस्ताव गरिएको छ । अहिले कायम रहेको २० हजार अमेरिकी डलरको सीमा बढाएर एक लाख अमेरिकी डलर पुर्‍याउने व्यवस्था गरिएको छ । यसअनुसार दुर्घटनामा यात्रुको मृत्यु भए परिवारले झन्डै डेढ करोड रुपैयाँ बराबरको क्षतिपूर्ति प्राप्त गर्नेछन् । साथै शव हस्तान्तरणका बेला अन्त्येष्टि खर्चका लागि तत्काल कम्तीमा पाँच लाख रुपैयाँ उपलब्ध गराउनुपर्ने व्यवस्था पनि गरिएको छ, जुन अन्तिम क्षतिपूर्तिबाट समायोजन हुनेछ ।

दुर्घटनामा घाइते भएका यात्रु वा तेस्रो पक्षको सम्पूर्ण उपचार खर्च एयरलाइन्स कम्पनीले बेहोर्नुपर्ने प्रस्ताव गरिएको छ । अंगभंग वा अन्य गम्भीर शारीरिक क्षति भए अधिकतम एक लाख अमेरिकी डलरसम्म क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने व्यवस्था राखिएको छ । तर यात्रुको आफ्नै गम्भीर लापरवाही वा पहिलेदेखि रहेको गम्भीर स्वास्थ्य समस्याका कारण भएको मृत्यु वा अंगभंगमा भने कम्पनी क्षतिपूर्ति दिन बाध्य नहुने प्रावधान पनि समावेश गरिएको छ ।

टिकट बिक्री प्रणालीलाई पनि पारदर्शी बनाउन विधेयकले नयाँ व्यवस्था प्रस्ताव गरेको छ । अब टिकटमा केवल कुल रकम उल्लेख गरेर पुग्ने छैन । भाडा, विमानस्थल सेवा शुल्क र सरकारी कर छुट्टाछुट्टै खुलाउनुपर्नेछ । विवरण लुकाए वा गलत जानकारी दिए कानुनी कारबाहीको व्यवस्था गरिएको छ ।

यद्यपि यो कानुन तत्काल लागू हुने भने छैन । राष्ट्रियसभामा दर्ता भएको विधेयक दुवै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्र लागू हुनेछ । प्रमाणीकरण भएको ३१औँ दिनदेखि कानुन कार्यान्वयनमा आउने प्रस्ताव गरिएको छ ।




## चर्चामा यो साता

**१. केपी शर्मा ओली - कोशी प्रदेशको राजनीतिक हस्तक्षेपका कारण**
प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली कोशी प्रदेशको नेतृत्व परिवर्तनको विवादका कारण चर्चामा रहे । मुख्यमन्त्री हिक्मतकुमार कार्कीविरुद्ध एमालेभित्र हस्ताक्षर अभियान चलेपछि ओलीले त्यसलाई कसरी व्यवस्थापन गर्छन् भन्ने विषय राष्ट्रिय राजनीतिको केन्द्र बन्यो ।

**२. हिक्मतकुमार कार्की - मुख्यमन्त्री परिवर्तनको दबाबका कारण**
कोशी प्रदेशका मुख्यमन्त्री कार्कीविरुद्ध आफ्नै दलका सांसदहरूले नेतृत्व परिवर्तनको माग गर्दै हस्ताक्षर अभियान चलाए । संविधान र दलको विधानका कारण उनी तत्काल पदबाट नहट्ने भए पनि राजनीतिक रूपमा दबाबमा परे ।

**३. सोबिता गौतम** - अन्तर्राष्ट्रिय संस्थालाई कडा जवाफ दिएपछि
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले एम्नेस्टी इन्टरनेसनल, आईसीजे र ह्युमन राइट्स वाचले नेपालको न्यायपालिकाबारे दिएको संयुक्त विज्ञप्तिप्रति आपत्ति जनाउँदै नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप स्वीकार्य नहुने बताइन् ।

**४. कुलमान घिसिङ - विद्युत् आपूर्ति र प्राधिकरणका निर्णयका कारण**
नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ विद्युत् व्यवस्थापन, प्रसारण प्रणाली र उद्योगहरूलाई विद्युत् आपूर्तिसम्बन्धी विषयमा पुनः चर्चामा रहे ।

**५. प्रतिभा रावल** - सुकुम्बासी व्यवस्थापनको बहसका कारण
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनमा स्थानीय तहको असहयोग रहेको बताउँदै सबै राजनीतिक दलसँग सहयोगको अपिल गरेपछि चर्चामा आइन् ।

**६. सीआईबी (नेपाल प्रहरी) - भ्रष्टाचार र ठगी अनुसन्धानका कारण**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) विभिन्न सहकारी ठगी, संगठित आर्थिक अपराध र साइबर ठगीका अनुसन्धानलाई तीव्र बनाएपछि चर्चामा रह्यो ।

**७. अख्तियार दुरूपयोग अनुसन्धान आयोग - भ्रष्टाचार मुद्दाका कारण**
अख्तियारले विभिन्न सरकारी कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिविरुद्ध भ्रष्टाचार मुद्दा दायर र पक्राउ प्रक्रिया अघि बढाएपछि आयोगको सक्रियता चर्चामा रह्यो ।

**८. नेपाल आयल निगम - ग्यास अभावको चर्चा बीच**
देशका विभिन्न स्थानमा एलपी ग्यास अभावको गुनासो बढेपछि नेपाल आयल निगमले पर्याप्त मौज्दात रहेको दाबी गर्दै आपूर्ति व्यवस्थापनमा सक्रियता बढाएको विषय चर्चामा रह्यो ।

**९. नेपाल सुनचाँदी व्यवसायी महासंघ - सुनको मूल्यमा ऐतिहासिक वृद्धि**
सुनको मूल्य प्रतितोला २ लाख ८८ हजार रुपैयाँ पुगेपछि महासंघले सार्वजनिक गरेको मूल्य सूची आर्थिक क्षेत्रमा मुख्य चर्चा बन्यो ।

**१०. सहकारी क्षेत्र** - सात सहकारी संस्था खारेजीका कारण
कोशी प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालयले लामो समयदेखि निष्क्रिय रहेका सात सहकारी संस्थाको दर्ता खारेज गरेपछि सहकारी क्षेत्रको नियमन, विवरण नबुझाउने संस्था र पारदर्शिताको विषय पुनः बहसमा आयो ।

## पाठकको पूर्पुरो

ज्योतिष
आशिष नेपाल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
नयाँ कामको अवसर मिल्न सक्छ । आत्मविश्वास बढ्नेछ, तर अनावश्यक खर्च र आवेगपूर्ण निर्णयबाट बच्नुहोस् ।वृष (इ, उ,

**बृष (ए, ओ, वा, वि, वु, वे, वो)**
आर्थिक पक्ष बलियो रहनेछ । परिवारसँग रमाइलो समय बित्नेछ, स्वास्थ्यमा सामान्य सावधानी अपनाउनु उपयुक्त हुन्छ ।

**मिथुन मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
काममा प्रशंसा र नयाँ जिम्मेवारी आउन सक्छ । बोलीमा संयम अपनाए सम्बन्ध अझ सुदृढ बन्नेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
रोकिएका काम पूरा हुने सम्भावना छ । स्वास्थ्य र खानपानमा ध्यान दिए थप लाभ मिल्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । धैर्य र विवेकले चुनौतीलाई सहज रूपमा पार गर्न सक्नुहुनेछ ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
व्यापार तथा पेशामा प्रगतिको संकेत छ। नयाँ चिनजानबाट भविष्यका अवसर खुल्न सक्छन्। बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ।

**तुला (रा, रि, रू, रे, रो, ता, ति, तु, ते)**
आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । अनावश्यक विवाद र भावनात्मक निर्णयबाट टाढा रहनु राम्रो हुनेछ ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
आत्मविश्वास बढ्नेछ । लगानी र महत्वपूर्ण निर्णय गर्दा अनुभवी व्यक्तिको सल्लाह लिनु लाभदायी हुनेछ ।

**धनु (ये, यो, भा, भि, भु, ध, फा, ढा, भे)**
नयाँ योजना र व्यवसायमा प्रगतिको संकेत छ । खर्च नियन्त्रण गरे आर्थिक सन्तुलन कायम रहनेछ ।

**मकर (भो, जा, जि, खि, खु, खे, खो, गा, गि)**
करियरमा सकारात्मक परिवर्तन देखिनेछ । परिवारको साथ र सहयोगले मनमा उत्साह थपिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
कुम्भ : मित्र र सहकर्मीबाट सहयोग प्राप्त हुनेछ । नयाँ अवसरको सदुपयोग गर्दा राम्रो उपलब्धि हासिल हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
मनोकामना पूरा हुने संकेत छ । आध्यात्मिक रुचि बढ्नेछ, स्वास्थ्य र आरामलाई पनि प्राथमिकता दिनुहोस् ।

**समस्याबाट भाग्ने होइन जुध्ने प्रयास गर्नुपर्छ। समस्याबाट जबतक भागिन्छ तबतक उसले खेदी नै रहन्छ। जब सामाना गर्न थालिन्छ तब समस्यालाई नै भाग्न कर लाग्छ।**
**- स्वामी विवेकानन्द**

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित
राष्ट्रिय युवा जागरण साप्ताहिक
राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध

प्रधान सम्पादक : खगेन्द्र कार्की
डेक्स प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की

कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)

साजसज्जा : राष्ट्रिय युवा जागरण डेक्सटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण: सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४९७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४९७५
इमेल : yuvajagaranmedia@gmail.com

Website:
fastmedianepal.com
Facebook :
Rastriya yuva Jagaran
Online Patrika

## सम्पादकीय

# मापदण्ड पनि चाहिन्छ, सेवा पनि

सरकारले एम्बुलेन्स सेवालाई सुरक्षित, व्यवस्थित र गुणस्तरीय बनाउन १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ। नयाँ निर्देशिकाअनुसार आवश्यक जीवनरक्षक उपकरण, अक्सिजन, प्रशिक्षित स्वास्थ्यकर्मी तथा तोकिएको मापदण्ड पूरा गरेका एम्बुलेन्सले मात्र सञ्चालन अनुमति र नवीकरण पाउनेछन्। बिरामीको जीवनसँग प्रत्यक्ष जोडिएको सेवामा गुणस्तर सुनिश्चित गर्ने सरकारको उद्देश्य सकारात्मक र स्वागतयोग्य छ। तर, यसको कार्यान्वयनले स्वास्थ्य सेवाको पहुँच नै सीमित बनाउने अवस्था सिर्जना हुनु चिन्ताको विषय हो।

संयुक्त एम्बुलेन्स चालक संघका अनुसार देशभर करिब दुई हजार एम्बुलेन्स सञ्चालनबाट बाहिरिएका छन्। तीमध्ये अधिकांश रेडक्रस, रोटरी, लायन्सलगायत सामाजिक संस्थाले सञ्चालन गर्दै आएका एम्बुलेन्स हुन्। ग्रामीण र दुर्गम क्षेत्रमा यी एम्बुलेन्स नै बिरामीका लागि अस्पताल पुग्ने भरपर्दो माध्यम थिए। अहिले ती थन्किँदा हजारौं चालक तथा कर्मचारीको रोजगारी प्रभावित भएको छ भने आकस्मिक अवस्थामा बिरामीले समयमै सेवा नपाउने जोखिम बढेको छ।

एम्बुलेन्स केवल एउटा सवारी साधन होइन, यो आपत्कालीन स्वास्थ्य सेवाको पहिलो कडी हो। त्यसैले यसमा आवश्यक उपकरण र दक्ष जनशक्ति हुनु अनिवार्य छ। विगतमा मापदण्डबिनै सञ्चालन भएका केही एम्बुलेन्सका कारण विकृति देखिएकै हो। त्यसैले सरकारको नियमन आवश्यक छ। तर, नियमनको उद्देश्य सेवा विस्तार हुनुपर्छ, सेवा संकुचन होइन।

यदि पुराना एम्बुलेन्स विस्थापन गर्ने हो भने त्यसको विकल्प पनि सरकारले दिनुपर्छ। नयाँ एम्बुलेन्स खरिदका लागि सहुलियत ऋण, अनुदान वा कर छुटको व्यवस्था गर्न सकिन्छ। सामाजिक संस्थालाई आवश्यक मापदण्ड पूरा गर्ने अवसर दिनुपर्छ। चरणबद्ध रुपमा पुराना एम्बुलेन्स प्रतिस्थापन गर्दै सेवा निरन्तर रहने वातावरण बनाउनु सरकारको जिम्मेवारी हो।

झापाजस्ता ठूलो भौगोलिक क्षेत्र भएका जिल्लामा यसको प्रभाव अझ गम्भीर हुन सक्छ। एउटा एम्बुलेन्स कम हुँदा गाउँबाट अस्पताल पुग्न लाग्ने समय बढ्छ। स्वास्थ्य सेवामा केही मिनेटको ढिलाइले समेत जीवन-मृत्युको फरक पार्न सक्छ।

सरकारले गुणस्तर र सुरक्षामा कुनै सम्झौता गर्नु हुँदैन। तर, सेवा उपलब्धताको पक्ष पनि उत्तिकै महत्वपूर्ण छ। राम्रो नीति भनेको मापदण्ड र पहुँचबीच सन्तुलन कायम गर्ने नीति हो। एम्बुलेन्स सेवा सुधार्ने नाममा नागरिकको पहुँच घट्ने अवस्था आउनु हुँदैन। अहिले आवश्यक भएको कुरा निर्णयको पुनरावलोकन होइन, त्यसको व्यवहारिक कार्यान्वयन हो। नागरिकले सुरक्षित, सुलभ र समयमै एम्बुलेन्स सेवा पाउने वातावरण सुनिश्चित गर्न सके मात्र यो नीति आफ्नो उद्देश्यमा सफल हुनेछ।

# मनसुनको मार : बढ्दो विपद्, क्षति र तयारीको परीक्षा


◆ खगेन्द्र कार्की

खगेन्द्र कार्की

नेपाल प्राकृतिक रूपमा विपद्को उच्च जोखिममा रहेको मुलुक हो। हिमाल, पहाड र तराईको विविध भौगोलिक बनोट, जलवायु परिवर्तनको बढ्दो प्रभाव, अव्यवस्थित शहरीकरण र कमजोर पूर्वाधारका कारण मनसुन सुरु भएसँगै बाढी, पहिरो, डुबान, चट्याङ र सडक अवरोधका घटना नियमितजस्तै दोहोरिने गरेका छन्। हरेक वर्ष सयौं परिवार विस्थापित हुन्छन्, दर्जनौं नागरिकले ज्यान गुमाउँछन्, अर्बौं रुपैयाँ बराबरको भौतिक क्षति हुन्छ। तर, विपद्पछि केही दिन चर्चा हुने र त्यसपछि फेरि बिर्सिने प्रवृत्तिले नेपालमा विपद् व्यवस्थापनलाई अझ चुनौतीपूर्ण बनाएको छ।

यस वर्षको मनसुन पनि त्यही पुरानै पीडा बोकेर आएको छ। देशका विभिन्न जिल्लामा बाढी, पहिरो, डुबान, चट्याङ र नदी कटानका घटनाले जनजीवन प्रभावित भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडीआरआरएमए)का अनुसार मनसुन अवधिमा बाढी, पहिरो, चट्याङ, डुबान र अन्य प्राकृतिक विपद्का कारण दर्जनौं नागरिकले ज्यान गुमाएका छन् भने सयौं घाइते भएका छन्। धेरै परिवार विस्थापित भएका छन्। सयौं घर पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। सडक, पुल, विद्युत्, खानेपानी, सिँचाइ, विद्यालय र स्वास्थ्य संस्थामा समेत ठूलो क्षति पुगेको छ। कृषियोग्य जमिन कटान हुँदा किसानको उत्पादनमा प्रत्यक्ष असर परेको छ।

विशेष गरी कोशी, गण्डकी, बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लामा पहिरो र तराई क्षेत्रमा बाढी तथा डुबानको जोखिम उच्च रहने गरेको छ। वर्षायाममा मुख्य राजमार्ग अवरुद्ध हुँदा यात्रु घण्टौं होइन, कतिपय अवस्थामा दिनौंसम्म अलपत्र पर्न बाध्य हुन्छन्। पहिरोले सडक बगाउँदा अत्यावश्यक वस्तुको आपूर्ति प्रभावित हुन्छ भने पुल भत्किँदा गाउँहरू सम्पर्कविहीन बन्ने गरेका छन्।

जलवायु परिवर्तनले बढाउँदै जोखिम

विज्ञहरूका अनुसार अहिलेको विपद्को स्वरूप विगतभन्दा फरक हुँदै गएको छ। पहिले लगातार पानी पर्ने अवस्था हुन्थ्यो भने अहिले छोटो समयमा अत्यधिक वर्षा हुने क्रम बढेको छ। यसले आकस्मिक बाढी र पहिरोको जोखिम बढाएको छ। जल तथा मौसम विज्ञान विभागका अधिकारीहरूका अनुसार जलवायु परिवर्तनका कारण वर्षाको वितरण र तीव्रतामा परिवर्तन आएको छ। त्यसैले विगतका अनुभवका आधारमा मात्र भविष्यको जोखिम अनुमान गर्न पर्याप्त हुँदैन।

जलवायु विज्ञहरूले नेपालमा तापक्रम वृद्धि, हिमताल विस्तार, अनियमित वर्षा र चरम मौसमी घटनाको आवृत्ति बढ्दै गएको औंल्याएका छन्। यसको प्रत्यक्ष प्रभाव कृषि, खानेपानी, जैविक विविधता र मानव बस्तीमा देखिन थालेको छ।

प्राकृतिकभन्दा मानवीय कारण बढी

विपद् पूर्ण रूपमा प्राकृतिक भए पनि त्यसबाट हुने क्षति भने धेरै हदसम्म मानवीय गतिविधिसँग जोडिएको विज्ञहरूको विश्लेषण छ। अव्यवस्थित सडक निर्माण, जथाभावी डोजर प्रयोग, नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, वन फँडानी, कमजोर भू(उपयोग योजना तथा जोखिमयुक्त क्षेत्रमा बढ्दो बस्ती विस्तारले बाढी र पहिरोको जोखिम झन् बढाएको छ।

भूगर्भविद्हरूका अनुसार पहाड काट्दा वैज्ञानिक मापदण्ड पालना नगरिनु र पानी निकासको उचित व्यवस्था नहुनु पहिरो बढ्नुको प्रमुख कारण हो। त्यसैगरी नदी किनारमा अनियन्त्रित बसोबास र तटबन्धको अभावले बाढीबाट हुने क्षति प्रत्येक वर्ष दोहोरिइरहेको छ।

सरकारले के गरिरहेको छ?

मनसुन सुरु हुनुअघि सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना सार्वजनिक गरेको थियो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय तह र विभिन्न निकायलाई उद्धार तथा राहतका लागि तयारी अवस्थामा राखिएको छ। हेलिकोप्टर उद्धार, विपद् सामग्री भण्डारण, खोज तथा उद्धार टोली परिचालन, नदीको जलसतह निगरानी र पूर्वसूचना प्रणाली सञ्चालन गरिँदै आएको छ।

जल तथा मौसम विज्ञान विभागले नियमित मौसम पूर्वानुमान सार्वजनिक गरिरहेको छ। मोबाइल सन्देश, सामाजिक सञ्जाल र सञ्चारमाध्यममार्फत भारी वर्षा तथा बाढीको सम्भावित जोखिमबारे सूचना प्रवाह भइरहेको छ। केही नदीमा स्वचालित जलमापन प्रणाली जडान गरिएको छ, जसले जोखिम बढ्नुअघि सूचना दिने व्यवस्था गरेको छ।

सरकारले स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन, राहत कोष स्थापना तथा आपत्कालीन सामग्री भण्डारणको व्यवस्था पनि गरेको छ। विपद्पछि राहत वितरण, अस्थायी आवास निर्माण तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन भइरहेका छन्।

तर किन दोहोरिन्छ उही समस्या?

यद्यपि विज्ञहरू सरकारका प्रयास पर्याप्त नभएको बताउँछन्। विपद् व्यवस्थापनको ठूलो कमजोरी भनेकै पूर्वतयारीभन्दा प्रतिक्रियात्मक कार्यशैली भएको उनीहरूको निष्कर्ष छ। नेपालमा विपद् भएपछि उद्धारमा ठूलो सक्रियता देखिए पनि जोखिम न्यूनीकरणका दीर्घकालीन योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

कतिपय स्थानीय तहमा विपद् व्यवस्थापन समिति भए पनि आवश्यक उपकरण, उद्धार सामग्री र तालिमप्राप्त जनशक्तिको अभाव छ। जोखिमयुक्त बस्तीको स्थानान्तरण, सुरक्षित आवास निर्माण, नदी नियन्त्रण, ढल व्यवस्थापन, भू(उपयोग योजना र भवन निर्माण मापदण्ड कार्यान्वयनमा अझै कमजोरी देखिन्छ।

विज्ञहरूको सुझाव

विपद् व्यवस्थापनका क्षेत्रमा काम गरिरहेका विज्ञहरूले नेपालले अब राहतमुखी होइन, जोखिम न्यूनीकरणमुखी नीति अपनाउनुपर्नेमा जोड दिएका छन्। उनीहरूका अनुसार(

जोखिम नक्साङ्कनका आधारमा बस्ती व्यवस्थापन गर्नुपर्छ।

पहिरो र बाढीको उच्च जोखिम भएका क्षेत्रमा नयाँ बस्ती बसाल्न रोक लगाउनुपर्छ।

नदी किनार अतिक्रमण नियन्त्रण गर्नुपर्छ।

सडक निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन र इन्जिनियरिङ मापदण्ड कडाइका साथ लागू गर्नुपर्छ।

स्थानीय तहमा विपद् प्रतिकार्य क्षमता बढाउन नियमित तालिम र उपकरण उपलब्ध गराउनुपर्छ।

विद्यालय तहदेखि नै विपद् सचेतना शिक्षा समावेश गर्नुपर्छ।

उनीहरूका अनुसार पूर्वसूचना प्रणालीलाई समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउन सके मात्रै मानवीय क्षति उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण

विपद् न्यूनीकरण सरकारको मात्रै जिम्मेवारी होइन। नागरिकको सचेतना पनि उत्तिकै आवश्यक छ। मौसम पूर्वानुमान र सरकारी सूचनालाई बेवास्ता नगर्ने, नदी किनार वा पहिरोको उच्च जोखिम भएका क्षेत्रमा अनावश्यक आवतजावत नगर्ने, सुरक्षित स्थानमा बसोबास गर्ने, परिवारस्तरमा आपत्कालीन तयारी गर्ने तथा स्थानीय प्रशासनको निर्देशन पालना गर्ने बानीले ठूलो क्षति रोक्न सक्छ।

सामुदायिक स्तरमा स्वयंसेवक परिचालन, उद्धार अभ्यास, प्राथमिक उपचार तालिम र विपद् सचेतना कार्यक्रमलाई नियमित बनाउन सके विपद्को प्रभाव कम गर्न सकिन्छ।

अबको बाटो

नेपालले विगतका विनाशकारी भूकम्प, बाढी र पहिरोबाट धेरै पाठ सिकेको दाबी गरिए पनि व्यवहारमा त्यसको पूर्ण कार्यान्वयन अझै हुन सकेको छैन। जलवायु परिवर्तनले विपद्को जोखिम अझ बढाइरहेका बेला अब पनि पुरानै शैलीमा अघि बढ्ने हो भने हरेक मनसुनसँगै उस्तै पीडा दोहोरिने निश्चित छ।

विपद् व्यवस्थापनलाई केवल राहत वितरण र क्षतिपूर्ति दिने काममा सीमित राख्नु पर्याप्त हुँदैन। वैज्ञानिक योजना, पूर्वाधारको गुणस्तर, प्रभावकारी पूर्वसूचना, जोखिमयुक्त बस्ती व्यवस्थापन, तीनै तहका सरकारबीच समन्वय र नागरिकको सक्रिय सहभागिता बिना विपद्को चक्र तोड्न सम्भव छैन। प्राकृतिक विपद् रोक्न सकिँदैन, तर त्यसबाट हुने क्षति घटाउन सकिन्छ। त्यसका लागि सबैभन्दा आवश्यक कुरा समयमै तयारी, जिम्मेवार कार्यान्वयन र दीर्घकालीन सोच हो। हरेक वर्ष मनसुनपछि क्षतिको तथ्याङ्क गन्ने होइन, मनसुनअघि जोखिम घटाउने नीति लागू गर्ने संस्कार विकास गर्न सके मात्रै नेपाल विपद्सँग जुध्न सक्षम राष्ट्रका रूपमा अघि बढ्न सक्छ।

# यो साता कसले कसले के बोल्यो ?

**रवि लामिछाने** :
आफूमाथि लगाइएका आरोपको कानुनी रूपमा सामना गर्ने बताउँदै न्यायपालिकाप्रति पूर्ण विश्वास रहेको र सत्य अन्ततः स्थापित हुने विश्वास व्यक्त गरे।



**केपी शर्मा ओली** :
संसद् अवरोध लोकतान्त्रिक अभ्यासविपरीत भएको उल्लेख गर्दै र ाजनीतिक विवाद संवाद, सहमति र संसदीय प्रक्रियाबाट समाधान गर्नुपर्ने धारणा राखे।



**हिक्मतकुमार कार्की** :
मुख्यमन्त्री परिवर्तनको चर्चाबीच पार्टीको विधि, विधान र संवैधानिक प्रक्रियाअनुसार अघि बढ्ने अडान दोहोऱ्याउँदै अनावश्यक अड्कलबाजी नगर्न आग्रह गरे।



**शेरधन राई** :
पार्टीको निर्णय र केन्द्रीय निर्देशन सबै नेता-कार्यकर्ताले अनिवार्य रूपमा पालना गर्नुपर्ने बताउँदै संगठनात्मक अनुशासनलाई प्राथमिकता दिनुपर्ने धार णा व्यक्त गरे।



**पुष्पकमल दाहाल ...प्रचण्ड** :
राष्ट्रिय महत्वका विषयमा सरकार, प्रमुख राजनीतिक दल र सरोकारवालाबीच संवाद, सहकार्य र साझा समझदारीबाट मात्रै निकास सम्भव हुने बताए।



**शेरबहादुर देउवा** :
राजनीतिक स्थायित्व, सुशासन र लोकतान्त्रिक मूल्यको संरक्षणका लागि सबै दल जिम्मेवार बन्नुपर्ने उल्लेख गर्दै सहकार्यको वातावरण निर्माण गर्न आग्रह गरे।



# मानव शरीरका सात चक्र : आध्यात्मिक ऊर्जा केन्द्र कि आत्मचिन्तनको प्रतीक?

## योग दर्शनले मानव चेतनालाई कसरी व्याख्या गर्छ?

केही वर्षयता योग, ध्यान र मानसिक स्वास्थ्यप्रतिको चासो विश्वभर बढ्दै गएको छ। त्यससँगै सामाजिक सञ्जालदेखि योग केन्द्रसम्म 'सात चक्र' (क्भखभल ऋजबपचबक) को चर्चा पनि व्यापक रूपमा हुन थालेको छ। कतै चक्र सन्तुलित बनाए तनाव हटाउने दाबी गरिन्छ, कतै तेस्रो नेत्र खुल्ने वा आध्यात्मिक शक्ति जाग्ने प्रसंग सुनिन्छ। यस्ता दाबीले धेरैलाई आकर्षित गरे पनि धेरैमा एउटा जिज्ञासा उब्जिन्छ(के वास्तवमै मानव शरीरमा चक्र हुन्छन ?

यस प्रश्नको उत्तर सरल छैन। योग, तन्त्र र पूर्वीय दर्शनमा चक्रलाई मानव शरीरभित्र रहेका सूक्ष्म ऊर्जा केन्द्रका रूपमा व्याख्या गरिएको छ। तर आधुनिक चिकित्सा शास्त्रले चक्रको भौतिक अस्तित्व वा स्वास्थ्यमा त्यसको प्रत्यक्ष प्रभावलाई वैज्ञानिक रूपमा पुष्टि गरेको छैन। त्यसैले चक्रको अवधारणालाई चिकित्सकीय तथ्यभन्दा बढी योगिक र आध्यात्मिक परम्पराको दार्शनिक दृष्टिकोणका रूपमा बुझ्नु उपयुक्त हुन्छ।

**किन विशेष मानिन्छ संख्या सात?**

मानव सभ्यतामा सात अंकले लामो समयदेखि विशेष स्थान ओगटेको छ। सात महादेश, इन्द्रेणीका सात रङ, संगीतका सात स्वर, सात दिनको सप्ताह र हिन्दू विवाहका सात फेरा(यी सबैले सातलाई एउटा प्रतीकात्मक संख्याका रूपमा स्थापित गरेका छन्। यद्यपि यसको अर्थ सबै धर्म र संस्कृतिमा समान छैन। पूर्वीय दर्शनमा भने सातलाई पूर्णता, सन्तुलन र चेतनाको विकाससँग जोडेर हेर्ने परम्परा पाइन्छ।

यही सन्दर्भमा योग दर्शनले मानव शरीरमा सात प्रमुख ऊर्जा केन्द्र अर्थात् चक्र रहेको अवधारणा प्रस्तुत गर्छ। संस्कृत शब्द 'चक्र' को अर्थ घुम्ने चक्का वा चक्र हो। योगिक मान्यताअनुसार यी चक्रहरूले शरीर, मन, भावना र चेतनाबीचको सम्बन्धलाई प्रतीकात्मक रूपमा प्रतिनिधित्व गर्छन्।




यद्यपि सबै योग वा तान्त्रिक ग्रन्थले सात चक्रकै चर्चा गरेका छैनन्। कतिपय परम्पराले चक्रको संख्या फरक पनि बताउँछन्। आधुनिक योग अभ्यासमा भने सात चक्रको अवधारणा नै सबैभन्दा लोकप्रिय बनेको छ।

**१. मुलाधार : जीवनको आधार**

मेरुदण्डको सबैभन्दा तल्लो भागमा रहेको मानिने मुलाधार चक्रलाई सम्पूर्ण चक्र प्रणालीको जग मानिन्छ। यसको सम्बन्ध पृथ्वी तत्वसँग जोडिन्छ। आधुनिक योग अभ्यासमा यसलाई रातो रङले चिनाइन्छ भने यसको बीज मन्त्र 'लं' हो।

योग दर्शनअनुसार मुलाधारले मानिसको सुरक्षा, स्थिरता, अस्तित्व र जीवनप्रतिको आधारभूत विश्वासलाई प्रतिनिधित्व गर्छ। यही कारण जीवनका आधारभूत आवश्यकता(आवास, भोजन, सुरक्षा र स्थायित्व(यसैसँग जोडेर व्याख्या गरिन्छ।

योगिक दृष्टिकोणमा यो चक्र सन्तुलित भएको अवस्थामा व्यक्ति आत्मविश्वासी, धैर्यवान् र परिस्थितिप्रति स्थिर रहन सक्ने विश्वास गरिन्छ। चुनौती आए पनि उसले संयम गुमाउँदैन भन्ने मान्यता छ।

तर असन्तुलित भएको मानिँदा डर, असुरक्षा, भविष्यप्रतिको अत्यधिक चिन्ता वा अस्थिरताको अनुभूति बढ्न सक्ने योगिक व्याख्या पाइन्छ। केही आधुनिक योग अभ्यासमा यसको अत्यधिक सक्रिय अवस्थालाई धन, सम्पत्ति वा भौतिक सुविधाप्रतिको अत्यधिक मोहसँग पनि जोड्ने गरिन्छ।

ध्यान, प्राणायाम, प्रकृतिमा समय बिताउने, नाङ्गो खुट्टाले जमिनमा हिँड्ने (ग्राउन्डिङ) तथा 'लं' मन्त्रको जपलाई यस चक्रसँग सम्बन्धित अभ्यास मानिन्छ। यद्यपि यस्ता अभ्यासले चक्र सन्तुलित बनाउँछन् भन्ने दाबीलाई आधुनिक विज्ञानले पुष्टि गरेको छैन।

**२. स्वाधिष्ठान : भावना र सिर्जनशीलताको केन्**

नाभीभन्दा केही तल रहेको मानिने स्वाधिष्ठान चक्र जल तत्वसँग सम्बन्धित छ। आधुनिक योग अभ्यासमा यसको प्रतीकात्मक रङ सुन्तला मानिन्छ भने यसको बीज मन्त्र 'वं' हो।

योगिक परम्परामा यसलाई भावना, आनन्द, सिर्जनशीलता, कल्पनाशक्ति र मानवीय सम्बन्धको केन्द्रका रूपमा व्याख्या गरिन्छ। मानिसको भावनात्मक संसार, कलात्मक अभिव्यक्ति र नयाँ अनुभव स्वीकार गर्ने क्षमतासँग यसको सम्बन्ध रहेको विश्वास गरिन्छ।

यो चक्र सन्तुलित भएको अवस्थामा व्यक्ति आफ्ना भावना सहज रूपमा व्यक्त गर्न सक्ने, सिर्जनशील बन्ने र सम्बन्धमा खुलापन अनुभव गर्ने विश्वास गरिन्छ।

तर असन्तुलित भएको अवस्थामा भावनात्मक अस्थिरता, प्रेरणाको कमी, सम्बन्धमा दूरी वा आत्मअभिव्यक्तिमा कठिनाइ देखिन सक्ने योगिक मान्यता छ।

केही आधुनिक योग व्याख्यामा अत्यधिक सक्रिय अवस्थालाई भावनामा धेरै बग्ने, क्षणिक सुखको खोजीमा केन्द्रित हुने वा अरूमाथि अत्यधिक भावनात्मक रूपमा निर्भर बन्ने प्रवृत्तिसँग जोडिएको पाइन्छ।

ध्यान, सचेत श्वासप्रश्वास, नृत्य, संगीत, चित्रकला वा अन्य सिर्जनात्मक गतिविधिलाई यस चक्रसँग सम्बन्धित अभ्यासका रूपमा लिने गरिन्छ। यस्ता गतिविधिले मानसिक सन्तुलन र भावनात्मक अभिव्यक्तिमा सकारात्मक भूमिका खेल्न सक्छन् भन्ने केही अध्ययनहरू भए पनि त्यसलाई चक्र सिद्धान्तको प्रत्यक्ष प्रमाणका रूपमा लिन मिल्दैन।

## यो साता : विपत्ति र दुर्घटना

**१. रसुवामा पहिरोले ठूलो क्षति**

रसुवाको गोसाइँकुण्ड गाउँपालिका क्षेत्रमा लगातारको वर्षापछि आएको पहिरोले सडक अवरुद्ध हुनुका साथै केही घर जोखिममा पर ` । पहिरोका कारण यातायात सेवा प्रभावित भयो भने स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा सारिएको थियो।

**२. सिन्धुपाल्चोकमा बाढीले पुल बगायो**

भोटेकोशी क्षेत्रमा आएको बाढीले अस्थायी पुल बगाउँदा स्थानीय आवतजावत प्रभावित भयो। बाढीका कारण नदी किनार का बस्ती उच्च जोखिममा परेका थिए।

**३. झापामा सवारी दुर्घटनामा मृत्यु**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत झापाका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा केही जनाको मृत्यु तथा दर्जनौं घाइते भए। तीव्र गति र वर्षायामका कारण चिप्लो सडक दुर्घटनाको प्रमुख कारण बने।

**४. पाल्पामा बस दुर्घटना**

पाल्पाको सिद्धार्थ राजमार्गमा यात्रुवाहक बस दुर्घटना हुँदा एक जनाको मृत्यु र दर्जनभन्दा बढी यात्रु घाइते भए। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार गरिएको थियो।

**५. मोरङमा करेन्ट लागेर मृत्यु**

मोरङमा विद्युत् लाइन मर्मत गर्ने क्रममा करेन्ट लाग्दा एक जनाको मृत्यु भएको छ। घटनापछि सुरक्षा मापदण्ड पालनाबारे प्रश्न उठेको छ।

**६. कैलालीमा चट्याङ लागेर मानवीय क्षति**

कैलालीमा वर्षासँगै परेको चट्याङ लागेर दुई जनाको मृत्यु भएको छ भने अन्य केही व्यक्ति घाइते भएका छन्। मौसम खराब हुँदा सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको छ।

**७. मकवानपुरमा ट्रक दुर्घटना**

त्रिभुवन राजपथमा मालवाहक ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। ब्रेक फेल भएको प्रारम्भिक अनुमान गरिएको छ।

**८. देशभर मनसुनजन्य विपत्तिको प्रभाव**

लगातारको वर्षाका कारण पहिरो, डुबान र बाढीका घटना बढेका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जोखिमयुक्त क्षेत्रमा सतर्क रहन तथा आवश्यक परे सुरक्षित स्थानमा जान सर्वसाधारणलाई आग्रह गरेको छ।

**९. आगलागीका घटना**

सप्ताहभर देशका विभिन्न जिल्लामा विद्युत् सर्ट र ग्यास चुहावटका कारण आगलागीका घटना भए। आगलागीबाट लाखौं रुपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ।

**१०. उद्धार र राहत**

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय तहले बाढी-पहिरो प्रभावित क्षेत्रमा उद्धार, राहत वितरण तथा सडक खुलाउने कार्यलाई तीव्र बनाएका छन्।

**रूख रोपौं, वनजंगल जोगाएर प्राकृतिक विनासबाट जोगिऔं ।**

- हरियो बन नेपालको धनको संरक्षण गरौं ।
- विरुवा रोपौं हरियाली बढाऔं ।
- वन जंगलबाट अवैध काठ दाउरा चोरी निकासी नगरौं । वन क्षेत्रमा जनावर तथा वन्यजन्तुको चोरी निकासी नगरौं ।
- खेतबारी तथा खरबारी सफा गर्न आगो लगाउँदा नियन्त्रित तवरले लगाऔं ।
- चुरोट, बिँडीका ठुटा, लाइटर तथा सलाईका काँटी जथाभावी नफालौं ।
- वनमा बनभोज खाँदा आगो निभाएर मात्र घर फर्कौं ।
- वनमा गोल पोल्दा वा मह काढ्दा आगो निभाएर छोडौं ।
- अग्नि रेखा तथा वनपथ सफा राखौं ।
- प्रत्येक सामुदायिक वन उपभोक्ता समूहहरुले आ-आफ्नो समूहमा वन डढेलो नियन्त्रण सम्बन्धि सचेतना कार्यक्रम राखौं ।
- उपभोक्ता समूह, नजिकको वन कार्यालय, प्रहरी, सेना वा अग्नि नियन्त्रण सञ्जालमा सूचना गरी वनजंगललाई डढेलोको क्षति हुनबाट जोगाऔं ।

**चौतारी सामुदायिक वन उपभोक्ता समूह परिवार,पथरी शनिश्चरे, मोरङ**

## लसुनका फाइदा

स्वास्थ्य टिप्स



लसुन हाम्रो भान्सा सजिलै उपलब्ध हुन्छ। विशेषरूपमा यसको प्रयोग खानाको स्वाद बढाउन गरिन्छ। यसले तपाईंलाई विभिन्न स्वास्थ्य लाभ प्रदान गर्छ जस्तै रक्तचापलाई कम गर्नु, कोलेस्ट्रोलको स्तरलाई घटाउनु, कार्डियोभास्कुलर स्वास्थ्यमा सुधार गर्नु र क्यान्सरलाई रोक्न सहयोग गर्नु। लसुनलाई औषधीको रूपमा समेत प्रयोग गरिन्छ।

**लसुन खानुका पाँच ठूला फाइदाः**

**१. प्रतिरोधी क्षमतालाई चुस्त राख्छः**

लसुनमा प्रोटिन हुन्छ जसले विभिन्न स्वास्थ्य समस्यासँग जुध्ने एन्टीबडी बनाउन सहयोग गर्दछ। यसलाई रूघा(खोकी र यहाँसम्म कि अत्यधिक गम्भीर रोग लाग्ने जोखिम पनि कम गर्ने गर्दछ। यसका साथै, जो व्यक्तिको रगत गाढा हुन्छ, उनीहरूका लागि पनि लसुन निकै फाइदाजनक हुन्छ। यसले शरिरमा रक्त प्रवाहलाई सहज बनाउने काम गर्छ। यसले रगतलाई पातलो बनाउँछ जसले तपाईं सम्भावित रोगबाट बचाउने गर्दछ।

**२. हृदय रोगबाट बचाउँछः**

लसुनले तपाईंको शरिरमा ब्याड कोलेस्ट्रोलको स्तर कम गर्दछ। यसकारण तपाईंको मुटु सधैं स्वस्थ रहन्छ। यसले शरिरमा गुड कोलेस्ट्रोल बढाउन सहयोग गर्दछ। उच्च रक्तचापलाई कम गर्न पनि लसुन निकै फाइदाजनक हुन्छ। यसमा पाइने एलिसिन नामक तत्वले उच्च रक्तचापलाई सामान्य गर्न सहयोग गर्छ।

**३. क्यान्सरलाई नष्ट गर्छः**

लसुनको सबैभन्दा ठूलो फाइदा यसले रोग प्रतिरोधात्मक क्षमतालाई विकास गर्दछ। केही जानकारका अनुसार लसुनमा क्यान्सरजस्तो गम्भीर रोगसँग लड्ने क्षमता पनि हुन्छ। प्यानक्रियाज, कोलोक्टोरोल, स्तन र प्रोस्टेट क्यान्सरका रोगीलाई काँचो लसुनको सेवन गर्न डाक्टरले सल्लाह दिन्छन्।

**४. दाँत दुखाईमा राहतः**

लसुनले दाँत दुखाईमा पनि राहत दिलाउने काम गर्दछ। लसुनलाई ल्वाङ्सँग पिसेर दाँत दुखेको ठाउँमा लगाउँदा पीडाबाट तुरून्त राहत प्रदान गर्छ।

**५. गर्भावस्थामा पनि फाइदाजनकः**

गर्भावस्थामा लसुनको नियमित सेवनले आमा र शिशुको स्वास्थ्यमा निकै फाइदा पुर्याउँछ। यसले गर्भभित्र शिशुको तौल बढाउन पनि सहयोग गर्दछ। गर्भवती महिलालाई यदि उच्च रक्तचाप छ भने उनले ९ महिनासम्मै लसुनलाई कुनै न कुनै रूपमा सेवन गर्नैपर्छ। यसले रक्तचापलाई नियन्त्रण गरेर शिशुलाई हानी हुनबाट जोगाउँछ। यसले गर्भको शिशुको तौल बढाएर समय पूर्वको प्रसवको खतरालाई कम गर्छ।

## क्षमताभन्दा दोब्बर कैदीबन्दी

भद्रपुर। झापा जिल्ला कारागार भद्रपुर क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी राख्नुपरेपछि दैनिक व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। ७५० जनाको क्षमता रहेको कारागारमा हाल १ हजार ५८५ जना कैदीबन्दी रहेकाले बसोबास, सरसफाइ, सुरक्षा र स्वास्थ्य व्यवस्थापनमा दबाब बढेको कारागार प्रशासनले जनाएको छ।

कारागार प्रशासन प्रमुख रेवन्त भट्टराईका अनुसार हाल कारागारमा ९९९ जना कैदी र मुद्दाको पुर्पक्षका क्रममा रहेका ५८६ जना थुनुवा छन्। कुल कैदीबन्दीमध्ये ७८ जना महिला रहेका छन्। क्षमताभन्दा अत्यधिक चापका बाबजुद सीमित स्रोतसाधनबाट व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयास भइरहेको उनले बताए।

भद्रपुर कारागारमा विदेशी नागरिकको उपस्थिति पनि उल्लेखनीय छ। प्रशासनका अनुसार हाल १४७ जना विदेशी नागरिक कारागारमा छन्, जसमा भारतका ११८ जना र भुटानका २९ जना रहेका छन्।

**जनहितमा जारी**

लैगिक हिंसा
अन्त्यको प्रतिबद्धता
व्यक्ति, समाज र
सबैको ऐक्यबद्धता
□□□
लैगिक हिंसाको अन्त्य
यहि नै हाम्रो गन्तव्य

**राष्ट्रिय युवा जागरण साप्ताहिक**
**मोरङ-सुनसरी-झापा**

# कोशीमा सहकारीको आरोह-अवरोह : सात संस्था खारेज, आधाभन्दा बढी अझै नियमनबाहिर

◆ अंकित भट्टराई



इटहरी । पछिल्ला केही वर्षयता देशभर सहकारी क्षेत्र विभिन्न विवाद, वित्तीय अनियमितता र बचतकर्ताको रकम फिर्ता नहुने समस्याका कारण आलोचित बन्दै आएको छ । यद्यपि यही क्षेत्रले लाखौँ नागरिकलाई वित्तीय पहुँच, बचत, ऋण र रोजगारीको अवसर पनि उपलब्ध गराएको छ । कोशी प्रदेशमा पनि सहकारी क्षेत्रको यही आरोह र अवरोह अहिले एकैपटक देखिएको छ । एकातिर सहकारीको वित्तीय आकार निरन्तर विस्तार भइरहेको छ भने अर्कोतर्फ नियमनको दायराबाहिर रहेका संस्थामाथि कारबाही सुरु भएको छ । यही क्रममा कोशी प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवाले सात वटा सहकारी संस्थाको दर्ता खारेज गरेको छ ।

कार्यालयका अनुसार लामो समयदेखि विवरण नबुझाई निष्क्रिय रहेका सहकारी संस्थालाई पटक(पटक सूचना जारी गरेर अद्यावधिक हुन आग्रह गरिएको थियो । २०८२ असोज २ गते ३५ दिने, २०८२ पुस २ गते २१ दिने र २०८३ असार ३ गते थप १५ दिनको समय दिँदा पनि कानुनी प्रक्रिया पूरा नगरेपछि प्रदेश सहकारी ऐन, २०७६ को दफा ५३ को उपदफा (३०) बमोजिम २०८३ असार ३२ गतेको निर्णयबाट सात सहकारीको दर्ता खारेज गरिएको प्रदेश सहकारी रजिस्ट्रार भूपेन्द्र खनालले जानकारी दिए ।

दर्ता खारेज गरिएका संस्थामा मोरङको बेलबारीस्थित कोशेली बचत तथा ऋण सहकारी, साविक मिर्गौलिया-५ को नवजागरण बहुउद्देश्यीय सहकारी, सुनसरीको दुहबीस्थित निकुञ्ज कृषि सहकारी र आरोग्य स्वास्थ्य सेवा ( अस्पताल) सहकारी, इटहरीका जल्दी महिला कृषक बचत तथा ऋण सहकारी तथा आदर्श कृषि सहकारी, र रामधुनीस्थित तिकुने महिला बचत तथा ऋण सहकारी रहेका छन् ।

सात सहकारीको दर्ता खारेज एउटा प्रशासनिक निर्णय मात्र होइन, प्रदेशको सहकारी क्षेत्रमा देखिएको कमजोर सुशासनको संकेत पनि हो । आर्थिक वर्ष २०८१/८२ मा प्रदेशका एक हजार ७५ सहकारी संस्थामध्ये ५६३ वटा अर्थात् ५२.३७ प्रतिशत संस्थाले अनिवार्य विवरण नै बुझाएका छैनन् । यसको अर्थ आधाभन्दा बढी सहकारी संस्था अझै प्रभावकारी नियमन र निगरानीबाहिर छन् । विवरण बुझाएका ५०७ संस्थामध्ये २५५ वटाले जरिवाना तिरेर अद्यावधिक गरेका छन् भने २५७ वटा संस्था जरिवाना नतिरी अद्यावधिक भएका छन् । यसले कानुनी दायित्व पालना गर्ने संस्कृतिमा अझै कमजोरी रहेको देखाउँछ ।

तर सहकारी क्षेत्रको अर्को पाटो भने निकै सशक्त छ । कोशी प्रदेशका सहकारी संस्थामा १४ अर्ब ४६ करोड रुपैयाँभन्दा बढी शेयर पुँजी, ७७ अर्ब ६० करोड रुपैयाँ बचत, ८२ अर्ब ४८ करोड रुपैयाँ ऋण लगानी र एक खर्ब १४ अर्ब २६ करोड रुपैयाँभन्दा बढी कुल सम्पत्ति रहेको छ । प्रदेशभर १३ लाख ८८ हजार ५१० जना शेयर सदस्य सहकारीसँग आबद्ध छन् भने सात हजार ३५४ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । यी तथ्याङ्कले सहकारी क्षेत्र प्रदेशको अर्थतन्त्रको महत्वपूर्ण आधार बनेको पुष्टि गर्छन् ।

यही कारण सहकारी क्षेत्रलाई केवल समस्या वा केवल सफलताको दृष्टिले मात्र हेर्न मिल्दैन । सहकारीको वित्तीय आकार बढ्नु यसको आरोह हो भने पारदर्शिता अभाव, विवरण नबुझाउने प्रवृत्ति र निष्क्रिय संस्थाको बढ्दो संख्या यसको अवरोह हो । देशभर सहकारी संकटले बचतकर्ताको विश्वास कमजोर बनेका बेला कोशी प्रदेशले सुरु गरेको यो कारबाहीलाई नियमन कडा बनाउने प्रयासका रूपमा हेरिएको छ ।

अब चुनौती केवल सात सहकारीको दर्ता खारेजमा सीमित छैन । नियामक निकायले विवरण नबुझाउने बाँकी सयौँ संस्थालाई कानुनी दायरामा ल्याउने, नियमित अनुगमन, लेखापरीक्षण र वित्तीय अनुशासन सुनिश्चित गर्ने तथा बचतकर्ताको विश्वास पुनःस्थापित गर्ने कामलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । सहकारीको मूल उद्देश्य समुदायको आर्थिक सशक्तीकरण भएकाले त्यसलाई जोगाउन सुशासन, पारदर्शिता र कडा नियमन अपरिहार्य बनेको छ ।

## साप्ताहिक घटनाक्रम

◆ **भ्रष्टाचार तथा अनुसन्धान**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न स्थानीय तह, सरकारी कार्यालय तथा सार्वजनिक निकायमा भएको अनियमिततासम्बन्धी उजुरीमाथि अनुसन्धान अघि बढायो । सरकार ी खरिद, विकास आयोजना र सार्वजनिक स्रोतको दुरुपयोगसम्बन्धी फाइलहरूमा छानबिन जारी राखिएको आयोगले जनाएको छ ।

◆ **पक्राउ तथा कारबाही**

काठमाडौंबाट आफूलाई चिकित्सक भन्दै सर्वसाधारणको उपचार गरिरहेको आरोपमा एक व्यक्तिलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पक्राउ गऱ्यो ।

कैलाली, बाँके, मोरङ, झापा, सुनसरी र रुपन्देहीलगायत जिल्लाबाट लागूऔषध कारोबार, फरार अभियुक्त, जुवातास तथा चोरीमा संलग्न दर्जनौँ व्यक्ति पक्राउ परे ।

प्रहरीको विशेष अभियानमा अवैध हतियार, लागूऔषध ब्राउन सुगर, गाँजा र नाइट्राभेटसहित विभिन्न अभियोगमा संलग्न व्यक्तिहरूमाथि कारबाही अघि बढाइयो ।

◆ **सामाजिक अपराध (हत्या तथा हिंसा)**

सुनसरीमा सामान्य विवादपछि भएको कुटपिटबाट एक युवकको मृत्यु भएको घटनामा संलग्न व्यक्तिहरू पक्राउ परे ।

मोरङमा श्रीमान्ले श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले अभियुक्तलाई नियन्त्रणमा लियो । प्रारम्भिक अनुसन्धानमा पारिवारि क विवाद कारण रहेको खुलेको छ ।

झापामा धारिलो हतियार प्रहार गरी हत्या गरिएको घटनामा संलग्न व्यक्तिको खोजी तथा अनुसन्धान प्रहरीले तीव्र बनायो ।

◆ **ठगी तथा साइबर अपराध**

सामाजिक सञ्जालमार्फत वैदेशिक रोजगारी, अनलाइन लगानी तथा बैंकिङ सेवा प्रयोग गरी ठगी गर्ने समूहविरुद्ध नेपाल प्रहरीले अनुसन्धान अघि बढायो ।

साइबर ब्युरोमा बैंक खाताबाट रकम चोरी, फेसबुक ह्याक तथा डिजिटल वालेट दुरुपयोगसम्बन्धी उजुरी बढेका छन् । प्रहरीले नागरिकलाई ओटीपी, पासवर्ड तथा बैंक विवरण कसैलाई नदिन आग्रह गरेको छ ।

◆ **सरकारका निर्णय**

मन्त्रिपरिषद्ले आगामी चाडपर्वलाई लक्षित गर्दै एलपी ग्यासको आयात बढाउने, आपूर्ति सहज बनाउने र बजार अनुगमन कडा पार्ने निर्णय गऱ्यो ।

विभिन्न मन्त्रालयका प्रशासनिक निर्णय, नियुक्ति तथा सेवा प्रवाह सुधारसम्बन्धी प्रस्तावहरू पनि स्वीकृत भए ।

◆ **स्वास्थ्य**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेंगु संक्रमण बढ्दो क्रममा रहेकाले स्थानीय तहलाई लामखुट्टे नियन्त्रण अभियान प्रभावकारी बनाउन निर्देशन दियो ।

मनसुनका कारण झाडापखाला, स्क्रब टाइफस र पानीजन्य र ोगको जोखिम बढेकाले सर्वसाधारणलाई सावधानी अपनाउन आग्रह गरिएको छ ।

◆ **समाज**

निरन्तर वर्षाका कारण कोशी, बागमती र गण्डकी प्रदेशका विभिन्न जिल्लामा बाढी, पहिरो र डुबानका घटना भए । केही स्थानमा सडक अवरुद्ध हुँदा यातायात प्रभावित भयो । स्थानीय प्रशासनले उच्च जोखिम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्क र हन तथा आवश्यक परे सुरक्षित स्थानमा जान आग्रह गरेको छ ।

## प्रमुख आपराधिक/सुरक्षा घटनाक्रम

**साउन १३ (बुधबार)** : सुनसरीको देवानगञ्ज(कप्तानगञ्जमा भएको हिंसात्मक घटनाको छानबिनका लागि गृहमन्त्रालयले पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो ।

**साउन १३ (बुधबार)** : गृहमन्त्रीलाई सुरक्षा निकायका प्रमुखहरूले सुनसरी घटनाको समाधान सुरक्षा उपाय मात्र नभई राजनीतिक र सामाजिक संवादबाट खोज्न सुझाव दिए ।

**साउन १४ (बिहीबार)** : सुनसरी घटनापछि मोरङ, सप्तरी, सिरहालगायत तराईका जिल्लामा सुरक्षा सतर्कता बढाइयो र अतिरिक्त सुरक्षाकर्मी परिचालन गरियो ।

**साउन १५ (शुक्रबार)** : देवानगञ्ज(कप्तानगञ्ज घटनाको अनुसन्धान तीव्र पार्दै संलग्न व्यक्तिहरूमाथि प्रहरीको खोजी अभियान विस्तार गरियो ।

**साउन १६ (शनिबार)** : साम्प्रदायिक सद्भाव बिगार्ने गतिविधिमाथि निगरानी बढाइयो, विभिन्न जिल्लामा सम्भावित हिंसा रोक्न सुरक्षा संयन्त्र उच्च सतर्कतामा राखियो ।

**साउन १७ (आइतबार)** : सुनसरी घटनाको प्रभाव अन्य जिल्लामा नफैलियोस् भनेर स्थानीय प्रशासन र सुरक्षा निकायले संयुक्त अनुगमन तथा समन्वयलाई निरन्तरता दिए ।

**साउन १८ (सोमबार)** : प्रहरीले घटनासँग सम्बन्धित प्रमाण संकलन, बयान र अनुसन्धानलाई प्राथमिकताका साथ अघि बढाउँदै शान्ति(सुरक्षा कायम राख्ने अभियान जारी राख्यो ।

**साउन १९ (मंगलबार)** : सुनसरी घटनाको अनुसन्धान, सुरक्षा रणनीति र सम्भावित कानुनी कारबाहीबारे केन्द्र र प्रदेश सुरक्षा संयन्त्रबीच थप समन्वय गरियो ।

**जनहितमा जारी सूचना**

- बालश्रमको प्रयोग नगरौं । पालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- पालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं ।

**अजमल अख्तर मिया**
अध्यक्ष एवम्
**भोक्राहा नरसिंह गाउँपालिका**
चिरौली, सुनसरी

**जनहितमा जारी सूचना**

- बालश्रमको प्रयोग नगरौं । पालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- पालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं ।

**आश नारायण चौधरी**
अध्यक्ष एवम्
**गढी गाउँपालिका**
चिरौली, सुनसरी

# सुकुम्बासी व्यवस्थापन : आयोग फेरिए, अर्बौं खर्चिए, समाधान अझै अधुरो




इटहरी । नेपालमा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने प्रयास चार दशकभन्दा लामो इतिहास बोकेको छ । यसबीच सरकार फेरिएसँगै आयोग फेरिए, नाम फेरिए, कार्ययोजना फेरिए, तर समस्या भने अझै पूर्ण रूपमा समाधान हुन सकेको छैन । एकातिर लाखौं भूमिहीन नागरिकलाई लालपुर्जा वितरण गर्ने अभियानले गति लिएको छ भने अर्कोतर्फ राजनीतिक हस्तक्षेप, स्थानीय तहको असहयोग, कानुनी जटिलता र दोहोरिने प्रशासनिक प्रक्रियाले यो अभियानलाई अपेक्षित उपलब्धिसम्म पुग्न दिएको छैन ।

पछिल्लो पटक भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले प्रतिनिधिसभामा बोल्दै केही स्थानीय तहले सहयोग नगर्दा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनमा ढिलाइ भइरहेको स्वीकार गरेकी छन् । उनले यो अभियान सफल बनाउन सत्ता पक्ष मात्र होइन, विपक्षी दल र स्थानीय तहको समेत सक्रिय सहयोग आवश्यक रहेको बताइन् ।

मन्त्री रावलका अनुसार काठमाडौं उपत्यकामा ३८८ सुकुम्बासी परिवारको लगत संकलन गरेर होल्डिङ सेन्टरमा राखिएको छ । तीमध्ये ५८ परिवारको विवरण सम्बन्धित जिल्ला र स्थानीय तहमा पठाइए पनि चारवटा स्थानीय तहले मात्रै सूचना प्रकाशित गरेका छन् । ५१ परिवारसँग पहिले नै जग्गा रहेको पुष्टि भएपछि उनीहरूको निवेदन अस्वीकृत गरिएको छ भने अन्य ५१ परिवारको विवरण आयोगमा पहिल्यै दर्ता भएकाले सूचना प्रकाशनको तयारी भइरहेको उनले जानकारी दिइन् । स्थानीय तहले आवश्यक सूचना नै प्रकाशित नगर्दा प्रक्रिया नै अघि बढ्न नसकेको उनको भनाइ थियो ।

यो अवस्था नेपालमा सुकुम्बासी व्यवस्थापनको आरोह र अवरोह दुवै पक्षलाई एकैसाथ उजागर गर्ने उदाहरण बनेको छ । एकातिर सरकारले वास्तविक भूमिहीनको पहिचान गर्दै डिजिटल लगत संकलन, नापजाँच र लालपुर्जा वितरणलाई अघि बढाइरहेको छ । अर्कोतर्फ स्थानीय तहको निष्क्रियता, राजनीतिक विवाद र प्रशासनिक ढिलासुस्तीले अभियानको गति सुस्त बनाइरहेको छ ।

नेपालमा २०४७ सालपछि मात्रै सुकुम्बासी समस्या समाधानका लागि विभिन्न नाममा एक दर्जनभन्दा बढी आयोग र समिति गठन भइसकेका छन् । सुकुम्बासी समस्या समाधान आयोग, उच्चस्तरीय आयोग, भूमि समस्या समाधान आयोग लगायतका निकायले सञ्चालन, कर्मचारी व्यवस्थापन, कार्यालय स्थापना, नापजाँच, सर्वेक्षण तथा प्रशासनिक काममा अर्बौं रुपैयाँ राज्यकोषबाट खर्च गरिसकेका छन् । महालेखा परीक्षकका प्रतिवेदन र सरकारी विवरणअनुसार यी आयोगहरूमा वर्षैनि करोडौं रुपैयाँ प्रशासनिक खर्च हुने गरेको छ । तर सरकार परिवर्तनसँगै आयोग विघटन हुने, नयाँ आयोग गठन हुने र अघिल्लो आयोगका कामले निरन्तरता नपाउने प्रवृत्तिका कारण खर्चको तुलनामा उपलब्धि सीमित देखिएको छ ।

यद्यपि यसबीच उल्लेखनीय प्रगति पनि भएका छन् । भूमि समस्या समाधान आयोगले देशभरका स्थानीय तहसँग सम्झौता गरी लाखौं भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण संकलन गरेको छ । हजारौं परिवारले लालपुर्जा प्राप्त गरिसकेका छन् भने धेरै पालिकामा नापजाँच, फिल्ड प्रमाणीकरण र अन्तिम सूची प्रकाशनको काम सम्पन्न भइसकेको छ । नापी र मालपोतको तथ्यांकलाई डिजिटल प्रणालीमा लैजाने तथा स्थानीय तहलाई भूमिसम्बन्धी अधिकार हस्तान्तरण गर्ने प्रयास पनि अघि बढाइएको छ ।

तर समस्या अझै जटिल छ । वास्तविक भूमिहीनको पहिचानमा विवाद, एउटै व्यक्तिले पटक(पटक निवेदन दिने, सार्वजनिक तथा वन क्षेत्रको जग्गामा बसोबासको अवस्था, अदालतका आदेश, राजनीतिक दबाब र स्थानीय तहबीचको समन्वय अभावले प्रक्रिया लामो बन्दै गएको छ । कतिपय अवस्थामा वास्तविक भूमिहीनभन्दा पहुँचवालाले लाभ लिने प्रयास गरेको आरोप पनि लाग्दै आएको छ ।

भूमि विज्ञहरूका अनुसार सुकुम्बासी समस्या केवल लालपुर्जा वितरणको विषय होइन । यससँग भूमि सुधार, योजनाबद्ध बस्ती विकास, सार्वजनिक जग्गा संरक्षण, वातावरणीय सन्तुलन र सामाजिक न्याय जोडिएको छ । त्यसैले वैज्ञानिक आधारमा वास्तविक भूमिहीनको पहिचान गर्दै सुरक्षित स्थानमा व्यवस्थित बसोबासको दीर्घकालीन नीति आवश्यक रहेको उनीहरूको सुझाव छ ।

समग्रमा हेर्दा सुकुम्बासी व्यवस्थापनको आरोह भनेको डिजिटल लगत संकलन, स्थानीय तहसँगको समन्वय, हजारौं परिवारलाई स्वामित्व प्रमाणपत्र वितरण र भूमिसम्बन्धी प्रशासनको आधुनिकीकरण हो । अवरोह भनेको आयोगमाथि आयोग गठन, अर्बौं रुपैयाँ खर्चिए पनि समस्या ज्यूँका त्यूँ रहनु, स्थानीय तहको असहयोग र राजनीतिक प्रभावका कारण कार्यान्वयनमा देखिएको सुस्तता हो ।

सरकारले अब विगतका आयोगका अनुभवलाई समीक्षा गर्दै एउटै दीर्घकालीन र निरन्तर प्रणाली विकास गर्न सके मात्र दशकौंदेखि समाधानको पर्खाइमा रहेका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले स्थायी रूपमा भूमि अधिकार पाउने अपेक्षा गर्न सकिनेछ । अहिलेको बहसले पनि यही प्रश्न उठाएको छ(आयोग फेरिने कि अब परिणाम देखिने?

**इटहरी उपमहानगरपालिकाको अनुरोध**

- बालश्रमको प्रयोग नगरौं । उपमहानगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- नगरपालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा उपनगरपालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।

**इटहरी उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी

**इटहरी उपमहानगरपालिकाको अनुरोध**

- बालश्रमको प्रयोग नगरौं । पालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- पालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा पालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।

**रामधुनी नगरपालिका**
रामधुनी, सुनसरी

## इतिहासको पानाबाट

### भारतीय हस्तक्षेपको सुत्रपात

# राजा त्रिभुवनलाई भारतमा शरण



क्रमागत......

'प्रधानमन्त्रीलाई यो जानकारी गराउनु कि उनको बोल्ने शैली र भारतका राजदूतलाई गरेको व्यवहारलाई हामीले अमैत्रीपूर्ण मानेका छौं । यदि अहिलेको अवस्थामा विवेकपूर्ण दृष्टिकोण रहेन भने यसको परिणाम गम्भीर हुन सक्छ । हामी नेपालसँग राम्रो सम्बन्ध कायम राख्न चाहन्छौं तर अपमान सहेर होइन । राजा आफैंले दूतावासमा शरण लिएका हुन्, हामीले उनको परिवार र दूतावासमा शरण लिन आएका उनका परिवारका व्यक्तिहरूको रक्षा गर्ने विषयलाई सम्मानका साथ हेरिरहेका छौं । हाम्रो आग्रह छ कि राजा र उनको परिवारलाई भारतमा आउन दिइयोस् त्यसको कुनै राजनीतिक उद्देश्य छैन । नयाँ राजालाई हामीले मान्यता दिने वा नदिने निर्णयमा पुग्नुअघि तपाईंलाई राजदूतका रूपमा प्रमाणित गर्ने राजा नै भारतका लागि नेपालका राजा हुन् । हामी हाम्रो यो अनुरोधलाई पुनः दोहोऱ्याउँछौं- भारत र नेपालको सम्बन्धलाई गम्भीरतापूर्वक प्रभावित पार्ने जटिलताबाट जोगाउनु छ भने सबैभन्दा उत्तम मार्ग यही हुन्छ- राजा र उनको परिवारलाई भारत आउने अनुमति दिइयोस् ।

नेहरूले पत्रमा भारत र नेपालका बीचमा भएको हवाई उड्डयन सर्त सम्झौताअनुसार ०९ नोभेम्बरमा हुने इन्डियन नेसनल एअरवेजको साप्ताहिक उडानलाई ओर्लन अनुमति नदिने नेपालको कदमलाई त्यस सम्झौताको उल्लंघन हो भनेका थिए । साथै आफूहरूले यो मामिलामा दुई देशका बीचमा भएको सम्झौता र अन्तर्राष्ट्रिय प्रावधानअनुसारको कदम चाल्ने बताएका थिए । राजालाई धम्क्याउन दूतावास वा राजाका विरुद्ध हिंसाको प्रयोग हुन्छ कि भन्ने आशय राख्नु अहिले नै कुनै पनि प्रमाणविना त्यो अपरिपक्व हुन जाने समेत उल्लेख गरेका थिए । ( सेक्लेक्टेड वर्क्स अफ जवाहरलाल नेहरू दोस्रो संस्करणको अंक १५ को दोस्रो भाग)

दिल्लीमा राजा त्रिभुवनका साथ भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू र त्यहाँका प्रधानसेनापति जनरल केएम करिअप्पा ।

राजदूत सिंहले आफ्ना प्रधानमन्त्रीसँगको निरन्तरको सम्पर्क र उताबाट ०८ नोभेम्बरमा प्राप्त निर्देशबमोजिम १० नोभेम्बरको अपराह्न प्रधानमन्त्री मोहनशमशेरसँग भेट गरे । राजदूत सिंह र प्रधानमन्त्री मोहनशमशेरका बीचमा कुरा हुँदा मुख्य तीनवटा बुँदामा छलफल केन्द्रित थियो । पहिलो, राजा त्रिभुवनको भारत जाने आग्रहलाई नेहरूसमक्ष पुऱ्याएर राजदूतले अनुचित कार्य गरेको र नेहरूले राजालाई दिल्लीमा स्वीकार गरी स्वागत गर्ने । दोस्रो, त्यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय कानुन एवं प्रावधान बारेको प्रश्न । तेस्रो, राजा त्रिभुवनलाई नेपालबाट बाहिर पठाउने स्वीकृति दिनुभन्दा पहिले नेपालका प्रधानमन्त्रीले भारतले स्वीकार्नुपर्ने गरी राखेका केही सर्त ।

पहिलो बुँदामा कुरा गर्दा राजदूत सिंहले नेहरूको निर्देशनबमोजिम आफू नेपालका राष्ट्रप्रमुख राजा त्रिभुवनबाट प्रमाणीकरण गरिएको राजदूत भएको र उनको आग्रहबमोजिम आफूले त्यस्स कार्य गर्दा यसमा कतै पनि अनुचित नदेखेको बताएका थिए । साथै प्रधानमन्त्रीले उठाएको प्रक्रियागत प्रश्नमा आफू उनको विचारसँग सहमत नभएको बताए । दोस्रो बुँदामा छलफल गर्दा युरोपियन सर्त र अमेरिकी उदाहरणलाई आधार बनाएका तथाकथित अन्तर्राष्ट्रिय कानुन एवं प्रावधानहरू नेपाल-भारत सम्बन्धको वर्तमान परिस्थितिमा लागू हुने सम्भावना अत्यन्तै न्यून भएको र त्यो कुनै बाध्यकारी प्रावधान नरहेकाले त्यसको सापेक्षिक महत्त्व मात्र रहेको बताए ।

त्यस्तै तेस्रो बुँदामा भने अलिक लामो नै छलफल चल्यो । नेहरूको निर्देशनबमोजिम राजदूत सिंहसमेत प्रधानमन्त्रीसमक्ष त्यस्तै कठोर शैलीमा प्रस्तुत भए । राजालाई भारत जान नदिएर त्यसमा अवरोध पुऱ्याएर झनै गम्भीर परिस्थिति उत्पन्न हुने भन्ने भय प्रदर्शन गरे ।

प्रधानमन्त्री र उनका भाइभारदारले भारतमा राजाले राजनीतिक गतिविधिमा भाग लिने सम्भावनाबारे लामो बहस गरे । उनीहरूले राजालाई रोक्न भारत सरकारले नेपालका प्रधानमन्त्रीलाई कुनै किसिमको आश्वासन दिइनुपर्छ भन्नेमा जोड दिए । राजदूतले त्यस प्रक्रियामा अहिल्यै भारत सरकारले कुनै आश्वासन दिन नसक्ने कुरा स्पष्ट पारे । राजा त्रिभुवन दिल्ली गएपछि नेपालले चाह्यो भने त्यस विषयलाई भारत सरकारसँग उठाउन सक्नेछ भन्ने उनीहरूको विश्वास थियो । नेपाली पक्षको राजा त्रिभुवनलाई पूर्वराजाका रूपमा व्यवहार गर्नुपर्ने आग्रहमा राजदूत सिंहले राजा दिल्ली नपुग्दासम्म यसबारे भारतले कुनै पनि निर्णय दिन नसक्ने बताए । अझै पनि यो सबै परिस्थितिलाई भारत सरकारले गम्भीरतापूर्वक मूल्यांकन गरी निष्कर्ष निकाल्ने अवसर बाँकी नै रहेको उनले बताएका थिए । क्रमशः..........